शिक्षा ब्युरो
स्वस्थ विद्‌यालय: मातापिताका लागि उपायहरू

विशेष कार्य एकाइ 2, शिक्षा ब्युरोद्‌वारा प्रकाशित http://www.edb.gov.hk/antidrugforparents डिसेम्बर 2015 (अंक 6)

# स्वस्थ जीवन - परिवारमा शुरू हुन्छ

युवापुस्ताको अनुचित व्यवहारलाई प्रभावकारी रूपले सम्हाल्न र जोगाउन (लागुपदार्थ खाने र बेचविखन गर्नेसहित), मातापिताहरूले उनीहरूको बालबालिकालाई स्वस्थ जीवनशैली र सकारात्मक मूल्य बनाउन सहयोग गर्नुपर्छ, त्यसका लागि उनीहरूको बेचैनीलाई अस्विकार गर्ने सीप दिनुपर्छ ।

बालबालिकाका लागि सन्तुलित भोजन कायम गर्नुहोस्



नियमित दैनिक तालिका बनाउनुहोस्



नियमित व्यायामको बानी विकास गर्नुहोस्, आपसी सञ्चार सुधार्नुहोस् र बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्नुहोस् ।



# लागुपदार्थको बेचविखनमा संलग्न हुँदा कम उमेरका मानिसलाई कम सजाय हुने हो?

(वास्तविक घटनामा आधारित)

एन्ड्रु, 16-वर्षीय किशोर पहिले उनको मातापिता र भाइसँग माध्यमिक तहमा पढ्दै थिए । साधारण शैक्षिक अवस्थाका बाबजुद पनि, विद्यालयमा उनको व्यवहार राम्रो थियो । उनी स्वयंसेवी कामजस्ता अतिरिक्त क्रियाकलापमा सक्रिय रूपमा सहभागी थिए र यी अवसरहरूमा उनले बनाएका साथीहरूसँग उनको मोवाइल फोनमा WhatsApp को प्रयोग गरी कुराकानी गर्थे । एकदिन उनको कडा पिताले एन्ड्रु फोनमा मनोरञ्जनमा व्यस्त भएको सोचेर रीसले फोन फुटाइदिए । अहिले मोवाइल फोन एक हिसावले युवाहरूमाझ अनिवार्यजस्तै भएकाले, एन्ड्रुले पार्ट टाइम काम गरेर पैसा जोगाएर नयाँ फोन किन्ने विचार गरे । तथापी, उनको मातापिताले यसो गर्न रोके ।

त्यसपछि, एन्ड्रु पार्कमा घुम्न थाले जहाँ उनी खराव साथीहरूको समूहसँग परिचित भए । यसमा फ्रेड नामको लागुपदार्थ डिलर पनि थियो । एन्ड्रु पैसाको लागि तड्पिरहेको थाहा पाएर, फ्रेडले एन्ड्रुलाई आफ्ना लागि लागुपदार्थ ओसारपसार गर्न $300 को लोभ देखायो । एन्ड्रुले यो अपराध कति गम्भीर हुन्छ भन्ने कुरा थाहा नपाइ प्रस्ताव स्विकार गरे । पहिलोपल्ट एन्ड्रु लागुपदार्थको तस्करीमा संलग्न हुँदै गर्दा उनी निकै आत्तिएका थिए जसले गर्दा उनलाई प्रहरी अधिकारीहरूले बाटोमै रोके । एन्ड्रुसँग 14.1 ग्राम केटामाइन भेटिएपछि उनी पक्राउ परे ।



एन्ड्रु उनले गरेको कामका लागि गम्भीर पश्चात्ताप गरे । उनको मातापिताले उनीहरूको छोरालाई राम्रो हुन नसिकाएकोमा आफैलाई दोष दिए र उनीहरू दुबै जना एन्ड्रुले गरेको खराव कामका लागि जिम्मेवार ठाने । उनीहरूले सजाय घटाउनका लागि न्यायाधीशसँग धेरै अनुरोध गरे । अपराध गर्दा एन्ड्रु 16 वर्षको मात्र भएपछि, हङकङको कानूनअनुसार, खतरनाक लागुपदार्थको बेचविखन निकै गम्भीर अपराध हो र जतिसुकै सानो परिमाण भएपछि दोषीलाई तत्काल कैदको सजाय दिइन्छ । एन्ड्रुले अपराध स्विकार गर्यो र राम्रो व्यवहारको प्रमाण पनि दियो । घटाएर पनि उसलाई 2 वर्ष 7 महिनाको कैदको सजाय दिइयो ।

## हङकङमा लागुपदार्थसँग सम्वन्धित अपराधमा अधिकतम सजायबारे तपाईंलाई थाहा छ?

| क्रियाकलाप | जरिवाना | कैद |
|---|---|---|
| लागुपदार्थ राखेमा वा सेवन गरेमा | HK $1,000,000 | 7 वर्ष |
| लागुपदार्थको बेचविखन | HK $5,000,000 | जन्मकैद |
| खतरनाक लागुपदार्थको उत्पादन | HK $5,000,000 | जन्मकैद |
| लागुपदार्थ लिनका लागि पाइप र अन्य साधन नियन्त्रणमा राखेमा | HK $10,000 | 3 वर्ष |



**मातापिताले**

- ✓ तपाईंको बालबालिकासँग सञ्चार गर्नुहोस् र पैसाको बारेमा उनीहरूलाई सही अवधारणा दिनुहोस्
- ✓ तपाईंको बालबालिकासँग स्वस्थ गतिविधिहरूको व्यवस्था मिलाउनुहोस्
- ✓ सचेत हुनुहोस् र तपाईंको बालबालिकालाई लागुपदार्थको अपराध गर्दा हुने कानूनी कारवाहीको बारेमा शिक्षा दिनुहोस्

सहयोग चाहिएमा: **186 186** (लागुपदार्थ विरूद्धको टेलिफोन सोधपुछ सेवा)
**98 186 186** (तत्काल सन्देश– WhatsApp, WeChat मार्फत लागुपदार्थविरूद्धको सोधपुछ सेवा)